# अध्याय एक

# अनुसन्धान परिचय

## १.१ परिचय

वि.सं.१९०३ सालमा भएको कोतपर्वले नेपालमा राणाशासनको उदय भयो । राणा शासनको उदयपछि शक्तिशाली बन्ने महत्वाकाङ्क्षा बोकेका जङ्गबहादुरले आफ्नो राजनीतिक मात्र होइन पारिवारिक, सामाजिक स्तरसमेत माथि उठाउँदै लगेका थिए (स्टीलर, सन् १९८१, पृ. २८२) । परिणामतः उक्त शासन १०४ वर्ष निरन्तर रहन गयो । त्यो शासन जनतामा राजनीतिक अधिकारको चेतना नआएसम्म मात्र चल्यो भन्दा अनुचित हुने छैन । नेपाली जनतामा राजनीतिक चेतनाको थालनी राणाशासन विरोधी अभियानदेखि नै भएको मान्नु पर्दछ । समग्रमा राणाशासन दमनकारी थियो भनेर लेखकहरूले लेख्ने गरेका छन् (राणा, सन् १९७८, पृ. १७४) ।

राणाशासन विरोधी आन्दोलनको पहिलो चरण धार्मिक र सामाजिक सुधारका रूपमा आएको थियो । यो चरणमा आन्दोलनको थालनी गर्ने लखन थापादेखि आर्य समाजको स्थापना, कृष्णलाल अधिकारीले लेखेको “मकैको खेति” नामक पुस्तकसम्मको एक चरणको अवस्था थियो । “मकैको खेती” राणाशासनको निरङ्कुशता र अङ्ग्रेज सर्मथक नीतिको विरुद्ध साङ्केतिक आवाज थियो (दीक्षित, वि.सं.२०२८, पृ. १०६) । त्यसपछि भने भारतमा बस्ने नेपाली युवाहरूको सक्रियतामा भारतका विभिन्न ठाउँहरूबाट तरुण गोर्खा, गोर्खा संसार, गोर्खाली आदि राणाविरोधी पत्रिकाहरू प्रकाशन भएका थिए । वि.सं.१९८८ मा नेपालमा कप्तान खण्डमान सिंह, खड्गमान सिंह, मैना वहादुर खत्री, उमेशबिक्रम शाह, लक्ष्मण राजाले “प्रचण्ड गोर्खा” नामक राजनीतिक सङ्गठनको स्थापना गरे (गौतम, वि.सं.२०५७, पृ. ६) । त्यसको स्थापनाले राणा विरोधी आन्दोलनलाई नयाँ मोड दिने काम गरेको थियो । नेपाली जनतालाई नागरिक अधिकारप्रति सचेत गराउने उद्देश्यले वि.सं.१९९४मा शुक्रराज शास्त्री, राजलाल कलवार, केदारमान व्यथित, गंगालाल श्रेष्ठ, मुरलीधर भट्टराई आदि मिलेर “नागरिक अधिकार समिति” नामक संस्था खोलेका थिए । त्यसै समितिको आयोजनामा इन्द्रजात्राको दिन जनसमुहहरू बीच गंगालालले पहिलो राणा विरोधी राजनीतिक भाषण दिएका थिए (पुष्पलाल, वि.सं.२०५३, पृ. ३) ।

वि.सं.१९९० तिर विश्वको राजनीतिक रङ्गमञ्चमा परिवर्तनका सङ्केतहरू देखा पर्न थालेका थिए । त्यसैको प्रेरणाबाट नेपालमा राणा विरोधी जागृतिले तिव्रता लिंदै थियो । त्यसै बेला सचेत नेपाली युवाहरूले राणाहरूको दमनकारी शासनको अन्त्य गरी वैधानिक सरकारको स्थापनाको उद्देश्य राखेर वि.सं.१९९३ जेठ २० गते “प्रजापरिषद” नाम राजनीतिक सङ्गठनको

स्थापना भएको थियो (उपाध्याय, वि.सं.२०५४, पृ. २१) । राणाशासन विरोधी आन्दोलनकै दौरानमा राजनीतिमा सहभागिता जनाउँदै मनमोहन अधिकारीको उदय भएको थियो ।

मनमोहन अधिकारीको जन्म रामचन्द्र अधिकारीका दुई पत्नीमध्ये कान्छी पूर्णकुमारी अधिकारीको जेष्ठ पुत्रको रूपमा काठमाडौंको लाजिम्पाटमा वि.सं.१९७८ साल असार १५ गते भएको थियो । भारतमा भएको स्वतत्रता आन्दोलनदेखि सक्रिय राजनीतिमा लागेका मनमोहन अधिकारी कम्युनिष्ट कार्यकर्ताको रूपमा देखा परेका थिए । त्यहाको अङ्ग्रेज विरोधी आन्दोलनमा सहभागी हुँदा जेल समेत परेका थिए । नेपालमा भने उनको राजनीतिक यात्रा मजदुर आन्दोलनबाट सुरु भएको थियो । नेपालको राजनीतिक आन्दोलनमा लाग्ने क्रममा नेपाल कम्युनिष्ट पार्टीको सर्वोच्च पद महासचिवको जिम्मेवारी लिनेदेखि पञ्चायती व्यवस्था विरोधी आन्दोलन, संसदीय राजनीतिमा सक्रिय हुँदै संसदमा प्रमुख प्रतिपक्षी दलको नेता, प्रधानमन्त्रीसम्म बन्न पुगेका थिए । राजनीतिक आन्दोलनको सुरुवात साम्यवादी नेताको रूपमा परिचित भए तापनि परम्परागत साम्यवादी चिन्तक र पक्षपोषण गर्ने भन्दा लोकतान्त्रिक व्यवहारिक जीवनमा सक्रिय देखिएका मनमोहन अधिकारीले आफ्नो छ दशक जीवन राजनीतिमा बिताएका थिए । राजनीतिमा सङ्गठन सञ्चालन गरेर सवल र सक्षम सङ्गठन निर्माण गर्ने तथा विचार प्रवाह गर्ने वैचारिक नेताको रूपमा उनलाई देख्न सकिएन, तथापि चर्चित जननेताको रूपमा उनी उदाए । सफल सङ्गठक बन्न नसक्नु उनको राजनीतिक जीवनको कमजोरी थियो । यस्तै राजनीतिक आन्दोलनमा रहेको सक्रिय जीवनको शोध गर्ने धेयका साथ प्रस्तुत शोध कार्यको थालनी गरिएकाले शोधको शीर्षक *“नेपालको राजनीतिक आन्दोलनमा मनमोहन अधिकारीको भूमिका”* राखिएको छ ।

## १.२ अध्ययनको समस्याकथन

वि.सं.१८२५ सालभन्दा पछाडि नेपाल आधुनिक कालमा प्रवेश गऱ्यो । तर शिक्षाको विकास गर्ने तिर खासै कसैको ध्यान गएन । राणाशासनको उदयपछि त शिक्षामाथि एक प्रकारले प्रतिबन्ध नै लाग्यो । त्यसकारण राजनैतिक आन्दोलनको इतिहास लेख्ने भन्ने त धेरै टाढाको कुरा भयो । त्यतिबेला जति पनि इतिहास लेखियो त्यो सबै शासकको गाथा लेख्ने काम भयो । वि.सं.२००७ सालमा प्रजातन्त्रको स्थापना भए पनि क्रमशः दरवार नै हावी हुँदै गयो । त्यतिबेला लेखिएका इतिहास पनि दरवारको घेराभन्दा बाहिर आउन सकेनन् । देशमा चलेको राजनीतिक आन्दोलनमा विभिन्न सङ्घ संस्था, राजनीतिक दल तथा तिनको नेतृत्व गर्ने व्यक्तिहरूको योगदानपछि नै देशमा परिवर्तन आएको हो । तर तिनका बारेमा अनुसन्धान गरी विश्लेषणात्मक

रूपमा इतिहास लेख्ने काम भएको छैन । विभिन्न राजनीतिक आन्दोलनमा नेतृत्व गरेका व्यक्ति र तिनले पुऱ्याएको योगदानको सत्यतथ्य जानकारी जनसमक्ष ल्याइनु आजको आवश्यकता हो ।

नेपालको राजनीतिक आन्दोलनमा मनमोहन अधिकारीले खेलेको भूमिका महत्वपूर्ण मानिएको छ । त्यतिमात्र होइन भारतीय जनताले स्वतन्त्रताका लागि आन्दोलन गर्दा त्यसको सर्मथन गर्दै उनले प्रत्यक्ष सहभागी भएर साथ दिए । उनको राजनीतिमा प्रवेश, राणाशासन र पञ्चायती शासन विरुद्ध चलाइएका आन्दोलन र त्यतिबेलाका शासकले गरेको व्यवहार, आन्दोलनका पक्षमा रहेको अडान आदि जस्ता विषय प्रकाशमा आउन सकेका छैनन् । यसका अलवा उनलाई नै विषय बनाएर लेखिएका लेखरचना तथा पुस्तकहरू पनि मूल्याङ्कनमा आधारित छैनन् भने तिनको क्रमबद्धता पनि मिलेको पाइदैन । विभिन्न व्यक्तिले आआफ्नै परिकल्पनाका आधारमा लेखेका छन् । त्यसर्थ यस विषयमा सामग्रीहरूको खोजअध्ययन र मूल्याङ्कन गरी प्रमाणिक इतिहास तयार पार्नु पर्ने आवश्यकता रहेको हो ।

नेपालको राजनीतिक आन्दोलनमा मनमोहन अधिकारीको भूमिका विषयक प्रस्तुत अनुसन्धान मुलतः निम्न समस्यामा केन्द्रित रहेको छ ।

१) मनमोहन अधिकारीको पारिवारिक पृष्ठभूमि, बाल्यकाल र राजनीतिमा लाग्न उत्प्रेरित गर्ने प्रेरणाका स्रोत के कस्ता थिए ?

२) नेपालको राजनीतिकमा मनमोहन अधिकारीको सक्रियता र भूमिका कस्तो रह्यो ?

३) वि.सं.२०५१ सालमा मनमोहन अधिकारीले नेतृत्व गरेको सरकारको कार्यकाल कस्तो रह्यो ? र उनको जीवनको अन्त्य कसरी भयो ?

## १.३. शोधकार्यको उद्देश्य

नेपालको राजनीतिक आन्दोलनमा भूमिका खेल्ने व्यक्तिहरू वी.पी.कोइराला, गणेशमान सिंह, पुष्पलाल जस्तै मनमोहन अधिकारीको पनि नाम लिने गरिन्छ । त्यसअर्थमा मनमोहन अधिकारी राजनीतिक आन्दोलनको इतिहासमा एक अग्रणी राजनीतिज्ञ मानिन्छन् । उनी भारत छोडो आन्दोलनमा भाग लिएपछि जेल परेका थिए । वि.सं.२००७ सालमा नेपालमा चलेको राणा विरोधी आन्दोलनमा प्रत्यक्ष सहभागी भएका थिए । वि.सं.२०१७, २०३६, २०४२ र २०४६ साल यस्ता मिति हुन् जुन नेपालको राजनीतिक घटनाका दृष्टिले महत्वपूर्ण मानिन्छन् । ती समयमा मनमोहन अधिकारीको भूमिकाको खोजी गरी वास्तविक तथ्य प्रस्तुत गर्न आवश्यक छ ।

झण्डै छ दशक लामो राजनीति गरेका मनमोहन अधिकारीका बारेमा केही समय त नेपाली जनता र विश्वजगतले सम्झना गर्ने छन् । तर समयको अन्तरालसँगै उनले गरेका त्याग

र करिव छ दशकको राजनीतिक क्रियाकलापलाई लिपिबद्ध नगर्ने हो भने क्रम : हराउँदै र बिर्सदै जाने कुरामा दुई मत छैन । जव हामी रुसो, मार्क्स, एङ्गेल्स, लेनिन, गान्धी, माओ, होचिमिन्ह आदिलाई सम्झीरहँदा उनीहरूले छाडेर गएका आफ्नो बौद्धिक कृतिहरू जीवित भेटिन्छन् र लाखौंलाख मानिसलाई प्रेरित गर्दछन् । तर मनमोहन अधिकारीबाट त्यस किसिमका कुनै पनि कृति लेख्ने काम नभए तापनि जीवनभर सभा सम्मेलन, भेला बैठकमा गएर बोलेका कुराहरू उनले गरेका अनुभव र दुरगामी प्रभाव पार्ने कति विषयवस्तु छरिएर रहेका छन् । ती सबैलाई एकत्रित गरी उजागार गर्नु आवश्यक छ । प्रस्तुत अध्ययनका उद्देश्यहरू यस प्रकार रहेका छन् :

**विशिष्ट उद्देश्य**

क) मनमोहन अधिकारीको पारिवारिक जीवन एवम् राजनीतिमा लाग्ने प्रेरणाका स्रोतका सम्बन्धमा खोजि गर्ने ।

ख) नेपालको राजनीतिमा मनमोहन अधिकारीको भूमिका खोजी गर्ने ।

ग) मनमोहन अधिकारीले नेतृत्व गरेको सरकारको समीक्षा, सरकार विघटनपछिको राजनीति र उनको जीवनको अन्त्यका बारेमा प्रकाश पार्ने ।

**साधारण उद्देश्य**

मनमोहन अधिकारीले भारत छोडो आन्दोलनसँगै नेपाली राजनीतिमा बिताएका करिव छ दशकका बारेमा उनले खेलेको भूमिका र योगदानका सवल र दुर्वल पक्षको विश्लेषणत्मक प्रस्तुति दिने ।

## १.४ अध्ययनको सीमाङ्कन

यस शोधकार्यको क्षेत्र मनमोहन अधिकारी राजनीतिमा प्रवेश गरेको भारत छोडो आन्दोलनदेखि २०५६ बैशाख १३ गतेसम्म (करिव छ दशक) नेपालको राजनीतिक आन्दोलनमा उनको सहभागिता, राजनीतिक यात्रामा देखिएका सवल तथा दुर्वल पक्षलाई प्रमुख विषय बनाइएको छ । तथापि उनको बाल्यकाल, शिक्षा, विवाह आदि जस्ता कुरालाई पनि अध्ययनमा समेटिएको भए तापनि राजनीतिकै सेरोफेरोमा तिनीहरूलाई राखेको छ । मूलत : यस अध्ययनमा मनमोहन अधिकारीले राजनीतिक आन्दोलनमा खेलेको भूमिकालाई खोतल्ने प्रयास गरिएको छ । राजनीतिको विषयमा चर्चा परिचर्चा भए पनि राजनीतिक दलहरूको सिद्धान्तको व्याख्या तथा तिनको तुलनात्मक अध्ययन, कम्युनिस्ट पार्टीभित्र जीवन्त बनेका विवादलाई यहाँ उठाइएको छैन र त्यस्तो उद्देश्य राखेको पनि छैन । विषय वा प्रशङ्गवश उठेका कुराहरू यसमा पर्न आएको अवस्थामा पनि यसै सीमा र क्षेत्रभित्र समेट्ने हरसम्भव प्रयास गरिएको छ । प्रस्तुत अध्ययनले मनमोहन

अधिकारीको जीवन र नेपालको राजनीतिक आन्दोलनमा खेलेको भूमिकाका बारेमा अनुसन्धान गरेको भए तापनि नेकपाका नेताहरूसँगको सम्वन्ध, जनताको बहुदलीय जनवाद नामक सिद्धान्तको प्रतिपादनमा उनी काहानिर छन् भन्ने जस्ता विषय खोजी हुन बाँकी नै रहेको छ ।

## १.५ अध्ययनको औचित्य

आफ्नो सम्पूर्ण जीवन नेपालको राजनीतिक आन्दोलनमा समर्पित गरेका मनमोहन अधिकारीलाई विषय बनाएर प्रस्तुत शोधप्रबन्ध तयार पारिएको छ । करिव छ दशकसम्म राजनीतिमा लागेका मनमोहन अधिकारी नेपालको वामपन्थी राजनीतिका सिङ्गो इतिहास नै बनेका छन् । इतिहास लेख्ने क्रममा इतिसकारहरूले केवल घटनालाई मात्र विषयवस्तु बनाएर लेख्ने गरेका छन् जसले गर्दा इतिहास नै अपुरो जस्तो हुन गएको देखिन्छ । अनुसन्धानकर्ता स्वयम्ले इतिहास विषयमा स्नात्तकोत्तर तहमा शोधपत्र लेख्ने क्रममा मनमोहन अधिकारीलाई विषय बनाएर कलम चलाएको भए तापनि समय अभाव अन्य विविध कारणले विस्तृत रूपमा अध्ययन गर्न सकिएको थिएन । त्यस कारण मनमोहन अधिकारीजस्ता ऐतिहासिक व्यक्तित्वका बारेमा विस्तृत रुपमा अध्ययन गर्नुपर्ने औचित्य सावित हुन आएको छ । राष्ट्रिय नेतृत्व गरेका व्यक्तिको जीवनी बाहिर ल्याउँदा, इतिहासका विषयमा चासो राख्ने एवम् भावि दिनमा नेतृत्व गर्न चाहने पुस्तालाई राजनीतिक रुपमा सफल हुन कसरी लाग्नु पर्दो रहेछ, राजनीतिमा लाग्नेले पाउने दुःख र सुखका अनुभूति के हुन् भन्नेजस्ता विषयमा प्रेरणा मिल्न जानेछ । यसका अतिरिक्त सामान्य व्यक्तिलाई वौद्धिक ज्ञान प्राप्त हुनेछ भने नयाँ अध्ययन अनुसन्धान गर्न चाहने अनुसन्धानकर्तालाई आधार तयार हुन जानेछ ।

## १.६ शोध प्रबन्धको रूपरेखा

यस शोध प्रबन्धका मूल विषयवस्तुलाई दश अध्यायमा विभाजन गरिएको छ । शोध प्रबन्धको पहिलो खण्डमा सिफारिसपत्र, अनुमोदनपत्र, प्रतिबद्धता पत्र, कृतज्ञता ज्ञापन, शोधसार, विषयसूची, सङ्क्षेपिकृत शब्दसूची रहेका छन् भने शोधपत्रको अन्तिम खण्डमा परिशिष्ट र सन्दर्भ सामग्रीहरू रहेका छन् ।

शोधप्रबन्धको पहिलो अध्यायको परिचय खण्डमा अध्ययनको परिचय, समस्या कथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य, त्यसको क्षेत्र तथा सीमा र अध्ययनको रुपरेखा रहेको छ ।

दोस्रो अध्यायमा यो शीर्षकमाथि अनुसन्धान गर्ने क्रममा विभिन्न लेखकले लेखेका पुस्तक लेख रचना जस्ता सामग्रीहरू जुन यसअघि नै प्रकाशित भइसकेका र शोधकार्यलाई अगाडि बढाउने क्रममा सहयोग पुग्ने स्रोतहरूको समीक्षा गरिएको छ ।

तेस्रो अध्यायमा अनुसन्धानका क्रममा अपनाइएको अध्ययन विधि, प्रयोग गरिएका साधन र स्रोतका बारेमा उल्लेख गरिएको छ ।

चौथो अध्यायमा मनमोहन अधिकारीको पारिवारिक पृष्ठभूमिका बारेमा सामान्य परिचय दिदै मनमोहन अधिकारीको जन्म, बाल्यकाल, शिक्षादिक्षा, विवाह र पारिवारिक परिवेशले उनलाई राजनीतिमा लाग्न पारेको प्रभाव जस्ता विषयमा अध्ययन गरिएको छ ।

पाँचौं अध्यायमा वि.सं.२००६ सालमा कम्युनिस्ट पार्टीको स्थापना भएदेखि वि.सं.२०१७ सालसम्मको अवधिलाई समेटिएको छ । यस अध्यायभित्र नेकपाको स्थापनामा मनमोहन अधिकारीको के कस्तो भूमिका रह्यो । नेपालको पहिलो कम्युनिस्टको संज्ञा पाएका उनी नेकपाको सम्पर्कमा कसरी पुगे, राणा विरोधी आन्दोलनमा खेलेको भूमिका, नेकपाको पहिलो निर्वाचित महासचिव भएर नेतृत्व लिएपछि पार्टीलाई अगाडि बढाउन खेलेको भूमिका र वि.सं.२०१७ सालको शाही घोषणासँगै प्रजातन्त्र खोसिनुअघिसम्मको अवस्थालाई समेटिएको छ ।

छैटौं अध्यायमा वि.सं.२०१७ सालदेखि वि.सं.२०४५ सालसम्म मनमोहन अधिकारी पटकपटक पञ्चायती व्यवस्थामा जेल परेको, जेलबाट छुटेपछि राजनीतिमा रहेको सक्रियता, कम्युनिस्ट पार्टीमा आएको विभाजनमा पञ्चायती व्यवस्थाका विरुद्ध भएको झापा विद्रोह, विद्यार्थी आन्दोलन, जनमत सङ्ग्रहलगायतका विभिन्न आन्दोलनमा मनमोहन अधिकारीले खेलेको भूमिका र पुऱ्याएको योगदानका बारेमा उल्लेख गरिएको छ ।

सातौं अध्यायमा वि.सं.२०४६ सालदेखि वि.सं.२०५१ सालसम्मको राजनीतिक घटनाक्रमलाई समेटिएको छ । वि.सं.२०४६ सालमा संयुक्त वाममोर्चाको गठनपछि नेकासँग मिलेर गरिएको सयुक्त आन्दोलन र प्रजातन्त्रको पुनर्स्थापना, प्रजातन्त्रको स्थापनापछि अन्तरिम सरकारको गठन, संविधान निर्माण, आमनिर्वाचन र संसद्मा प्रतिपक्षी दलको नेता भएर खेलेको भूमिकाका बारेमा उल्लेख गरिएको छ ।

आठौं अध्यायमा नेपालमा पहिलो पटक गठन भएको कम्युनिस्ट पार्टीको अल्पमतको सरकार गठन हुँदाको अवस्था, नौ महिना चलेको सरकारले गरेका काम, सरकारका कामबाट असन्तुष्ट बनेका विपक्षी दल, सरकारका विरुद्ध अविश्वासको प्रस्ताव र सरकारबाट राजीनामा दिएको घटनाक्रमलाई उल्लेख गरिएको छ ।

नवौं अध्यायमा मनमोहन अधिकारीले सरकारबाट राजीनामा दिएदेखि वि.सं.२०५६ बैशाख १३ गते सम्मको अवधिलाई समेटिएको छ । अल्पमतको सरकारको विघटनपछि उत्पन्न राजनीतिक अस्थिरता, सरकारको गठन, विघटनको खेल, राजनीतिमा भित्रदै गएको विकृति, एमाले पार्टीको विभाजन, आमनिर्वाचनको घोषणा, उमेरको ख्याल नगरी मनमोहन अधिकारीको पार्टीमा सक्रियता र निर्वाचनको प्रचार प्रसारका क्रममा वेहोस भएपछि भएको निधनका बारेमा उल्लेख गरिएको छ ।

दशौं अध्यायमा शोधकार्यको निष्कर्ष राखिएको छ ।